# के.आई.सिंह गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**वायल, डोटी**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

मिति : २०७७।०१।१८

## प्रेस बिज्ञप्ति

यस के.आई.सिंह गाउँपालिका अर्न्तगतका सम्पूर्ण गाउँपालिकाबासी दाजुभाई दिदिबहिनी, आमाबुवा, दलित, बिपन्न आदि सबै यस गाउँपालिकाको परिवारका सदस्य हुन उहाँहरुको माया, सहयोग, विश्वास र अनुमतिले हामी यहाँ आईपुगेका हौँ । स्थापना काल देखि आजका मिति सम्म सम्पूर्ण जनताहरुले देखाउनु भएको माया ममता, साथ सहयोग, सदासयता, सदभाव, विकास प्रतिको ऐक्येवद्धता र दृढ विश्वास प्रति सिङ्गो गाउँपालिका कृतज्ञ छ । नेपाल सरकार तथा प्रदेश सरकारको सहयोग तथा समन्वयमा प्रचलित कानून नियमको पालना गरि करिव एक महिना भन्दा बढि अवधिको लक-डाउन सँग जुधिरहेको यो गाउँपालिका र यसबाट प्रभावित सम्पूर्ण गाउँपालिका बासीहरु जो बढी विपन्न, गरिव तथा आफै कमाएर खाने हैसियतमा हुनुहुन्न उहाँहरुलाई राहत वितरण गर्ने पूर्व निर्धारित तालिका नै थियो तर एउटा इमान्दार, कर्तव्यनिष्ठ तथा जनातामाझ निकै लोकप्रिय व्यक्तित्व वडा नं. ४ का वडा अध्यक्ष श्री जय बहादुर धामी ज्यू प्रति मिति २०७७।०१।१७ गते राहत सामाग्री वितरण गर्ने क्रममा केहि व्यक्तिबाट सिर्जित अमानविय र निकृष्ट व्यवहार प्रति सिङ्गो गाउँपालिका घोर निन्दा र भर्त्सना गर्दछ । साथै यस्ता प्रकारका गैरकानुनी, अमानविय, संकिण सोच र मानसिकता भएका अपराधीहरु र तिनलाई परिचालन गर्ने विभिन्न पार्टी सम्बद्ध व्यक्तित्वहरुलाई आज उप्रान्त यस्ता मानवता हिन कार्य नगर्न/नगराउन ध्यानार्काषण गर्दछु । आजको युगमा विरोध, असहमति र विमति जनाउने कयौँ उपायहरु छन् र ति मुद्धाको सुनुवाई गर्ने कयौ लोकतान्त्रिक संस्थाहरु स्थापना गरिएका हुँदा हुँदै पनि यस्तो हर्कत गर्नु/गराउनु विधिको शासन, लोकतन्त्र र मानव अधिकार प्रति आघात पुऱ्याउनु सरह ठान्दछु । साथै सम्पूर्ण दोषिलाई कडा भन्दा कडा सजायको जोडदार माग गर्दछु ।

..............................
लोकेन्द्र बहादुर शाही
अध्यक्ष

लोकेन्द्र बहादुर शाही
अध्यक्ष